निर्णयहरु

१. प्रमुख सचिवज्युको अध्यक्षतामा बसेको सचिव बैठकको पुर्व निर्णयहरुको समिक्षा गरियो ।

२. प्रत्येक महिनाको ५ गते दिउँसो ११ बजे प्रमुख सचिवज्युको अध्यक्षतामा नियमित रुपमा सचिव बैठक आयोजना गर्ने । उक्त महिनाको ५ गते सार्वजनिक विदा परेमा कार्यालय खुल्ने पहिलो दिनमा बैठक बस्ने । प्रमुख सचिवज्यू काज वा विदामा रहेको अवस्थामा जेष्ठ सचिवले अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३. प्रदेश मन्त्रालयका सबै सचिवहरुले लक्ष्य उन्मुख भई वार्षिक वजेट तथा कार्यक्रमको कार्यान्वयनमा जोड दिने ।

४. स्वीकृत दरबन्दी भित्र रही उपलब्ध जनशक्तिबाट निर्धारित कार्य सम्पादन गर्ने, गराउने ।

५. प्रदेश सरकारलाई आवश्यक ऐन, नियमहरुको मस्यौदा/विधेयक तर्जुमाको कार्यलाई उच्च प्राथमिकतामा राखी तर्जुमा गर्ने, गराउने ।

६. प्रदेश मन्त्रालय र मातहत कार्यालयहरुमा उपयुक्त कार्य वातावरण सिर्जना गर्ने, सम्पादित कार्यको नियमित अनुगमन गर्ने, जनतामा सुशासनको प्रत्याभुति दिने गरी कार्य सम्पादनको व्यवस्था मिलाउने ।

७. प्रदेश मन्त्रालय अन्तर्गत सञ्चालित आयोजनाहरु समयमै सम्पन्न हुने गरी मासिक कार्य योजना बनाई काम गर्ने गराउने ।

८. प्रदेशमा कार्यरत कर्मचारीहरुले पुर्व स्वीकृती प्राप्त गरेर मात्र काज वा विदामा बस्ने।

९. सार्वजनिक विदाको दिनमा प्रदेश सरकार मातहतका निकायका सवारी साधनहरु यस कार्यालयबाट अनुमति पत्र (सवारी पास) प्राप्त गरेर मात्र प्रयोगमा ल्याउने ।